# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : १** **संख्या : ५** **प्रमाणिकरण : २०७५।०६।१७**
**प्रकाशन मिति : २०७५।०६।१८**

## भाग - १

## ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५

ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५

**प्रस्तावना**

विकास र समृद्धिको मुख्य आधारका रुपमा रहेको शिक्षालाई उत्पादनमुखी तथा प्रतिस्पर्धी बनाउन संविधानले प्रत्याभुत गरेको माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थापन, नियमन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेकाले संविधानको धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११(२) **ज** बमोजिम प्राप्त अधिकारहरुको प्रयोजनार्थ सोही ऐनको परिच्छेद १५, दफा १०२(१) अनुसार ऐन बनाउन वाञ्छनीय देखिएकाले ठाकुरबाबा नगरसभाद्वारा यो **ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५** जारी गरिएको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. सक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम "ठाकुरबाबा नगरपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"ऐन"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

ख) **"समिति"** भन्नाले ठाकुरबाबा नगरपालिकाको शिक्षा समिति सम्झनुपर्छ ।

(ग) **"आधारभूत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्म दिने शिक्षा सम्झनुपर्छ ।

(घ) **"माध्यामिक शिक्षा"** भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म दिने शिक्षा सम्झनुपर्छ ।

(ङ) **"सामुदायिक विद्यालय"** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनुपर्छ ।

(च) **"संस्थागत विद्यालय"** भन्नाले संघीय, प्रादेशिक र स्थानीय सरकारबाट नियमित अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(छ) **"प्रधानाध्यापक"** भन्नाले विद्यालयको आर्थिक, शैक्षिक र प्रशासनिक जिम्मेवारीसहित तोकिएको प्रक्रियाबाट नियुक्त स्थायी शिक्षकलाई सम्झनु पर्छ । सो शब्दले शिक्षण संस्थाको प्रमुख जिम्मेवारी भएको प्रधानाचार्यलाई समेत जनाउँछ ।

(ज)**"शिक्षक"** भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापक सम्झनुपर्छ । सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(झ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएका व्यक्ति सम्झनु पर्छ र सो शव्दले विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँदछ । माथि जे भनिए तापनि संरक्षकत्व प्रदान गर्ने अभिभावकलाई चुन्ने र चुनिने अधिकार रहने छैन ।

(ञ) **"व्यवस्थापन समिति"** भन्नाले नगर शिक्षा ऐन २०७५ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) **"शिक्षक अभिभावक संघ"** भन्नाले सामुदायिक विद्यालयमा शिक्षक र अभिभावकको प्रतिनिधित्व हुने गरी गठित संघलाई जनाउँछ ।

(ठ) **"शिक्षक कर्मचारी छनौट समिति"** भन्नाले विद्यालय शिक्षक, कर्मचारी, करार पदपूर्तिका लागि गठन गरिएको समितिलाई सम्झनुपर्छ ।

(ड) **"परीक्षा तथा मूल्याङ्कन समिति"** भन्नाले कक्षा ८, १० र १२ को बार्षिक परीक्षा बाहेकका विद्यालयस्तरका सम्पूर्ण परीक्षाहरु सञ्चालन र व्यवस्थापन गर्न बनेको समितिलाई सम्झनुपर्छ ।

(ढ) **"आधारभूत शिक्षा परीक्षा"** भन्नाले कक्षा ८ को वार्षिक परीक्षालाई सम्झनु पर्छ ।

(ण) **"तोकिएको** वा **तोकिए बमोजिम"**भन्नाले यस ऐन अन्तर्गत बनेको विषयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) "**शिक्षण संस्था**" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्मका शिक्षा प्रदान गर्ने संस्था सम्झनुपर्छ ।

(थ) "**बरिष्ठ शिक्षक** "भन्नाले सम्बन्धित विद्यालयमा वहाल रहेका माथिल्लो तह र श्रेणीका स्थायी वा अस्थायी वा राहतको क्रमानुसार नियुक्त शिक्षकलाई सम्झनुपर्छ ।

(द) "**स्रोतव्यक्ति**" भन्नाले नगरपालिका शिक्षा शाखामा काजमा रहेका माध्यमिक तहका स्थायी शिक्षकलाई सम्झनुपर्छ ।

(ध) "**करार नियुक्ति**" भन्नाले सामुदायिक विद्यालयमा काम गर्ने अस्थायी, राहत र अनुदानका शिक्षक कर्मचारीको नियुक्तिलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## अनुमति ,स्वीकृति, शिक्षाका किसिम , विद्यालयको वर्गीकरण, समायोजन तथा नियमन

**३. शैक्षिक दायित्व र सिकाई अवसर :** (१) विद्यालय सेवा विस्तार तथा व्यवस्थापन गर्नका लागि विद्यालय नक्साङ्कन पश्चात अनुमति, स्वीकृति प्रदान गरिनेछ ।

(२) नगरपालिका भित्र तोकिए बमोजिमको शिक्षा प्रदान गरिने शिक्षण संस्थाहरु रहने छन् ।

(३) प्रारम्भिक बालविकास केन्द्रको पुनर्वितरणसंगै विद्यालय कक्षा तथा तह थप, तह घटाउने र विद्यालय गाभ्ने तथा समायोजन कार्य तोकिए बमोजिमको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

(४) विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिताका लागि विशेष शिक्षा, अभिभावक शिक्षा, खुला तथा बैकल्पिक शिक्षा , प्राविधिक शिक्षाको प्रवर्द्धनका लागि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## नगर शिक्षा समिति

**४ गठन विधि र प्रक्रिया :** (१) नगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

(क) नगर कार्यपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगरपालिकाले सिफारिस गरेका नगर सभाका सदस्यहरु मध्यबाट महिला तथा दलितसहित ४ जना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक -सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापक/अनुभवी शिक्षक मध्येवाट शिक्षा समितिले मनोनित गरेको एक जना महिलासहित दुई जना -सदस्य

(च) संस्थागत विद्यालय सञ्चालकहरुमध्येबाट नगरप्रमुखले मनोनित गरेको एकजना -सदस्य

(छ) नगरपालिका भित्रका सामुदायिक विद्यालयका वि.व्य.स.का अध्यक्ष मध्येबाट नगरप्रमुख तोकेको प्रतिनिधि एक जना -सदस्य

(ज) नगर शिक्षक महासंघको अध्यक्ष -सदस्य

(झ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक तीन महिनामा एकपटक बस्नु पर्नेछ ।

(३) शिक्षा समितिको बैठक भत्ता नगरपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ तर एक आर्थिक वर्षमा ६ वटा भन्दा बढी बैठकको भत्ता उपलब्ध गराइने छैन ।

(४) बैठक सञ्चालनको लागि कम्तीमा बहुमत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको

निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) नगर शिक्षा समितिले आवश्यक ठानेमा विद्यालय निरीक्षक, स्रोतव्यक्ति, प्रधानाध्यापक, शिक्षक, शिक्षक अभिभावक संघको प्रतिनिधि, विद्यार्थी प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि जो कोहीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) ऐन तथा यस नियमावलीमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शिक्षा शाखावाट पेश भएको शैक्षिक योजनामाथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जनसहित स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत नगर शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) शिक्षा शाखाको सिफारिसका आधारमा विद्यालय गाभ्ने तथा बन्द गर्ने,

(ठ) शैक्षिक सत्रको सुरुमै शैक्षिक क्यालेण्डर बनाउन शिक्षा शाखामार्फत आवश्यक व्यवस्था मिलाउने,

(ड) नगरस्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ण) नगरकार्यपालिका तथा नगरसभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(त) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने ,

(थ) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने,

(द) नगरपालिका भित्रका विद्यालयमा अध्ययनरत तोकिएका लक्षित वर्ग तथा विशेष अवस्थाका बालबालिकाहरुलाई छात्रवृत्ति तथा आवश्यक सहयोग प्रदान गर्न स्रोतको व्यवस्थापन तथा वितरण मापदण्ड निर्धारण गर्ने,.

(ध) विद्यालय शिक्षामा संलग्न विद्यार्थीहरुको लक्षित वर्ग निर्धारण गर्ने,

(न) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने,

(प) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा आधारभूत तहको कक्षा (१-५) सम्म विद्यार्थी संख्याको आधारमा र (६-८) कक्षा तथा माध्यमिक तहको हकमा विद्यार्थी संख्या र विषयगत आधारमा दरबन्दी वितरण तथा मिलान गर्ने,

(फ) सामुदायिक विद्यालयहरुको वार्षिक लेखापरीक्षणका लागि शिक्षा शाखाको सिफारिसमा गरिएको लेखापरीक्षकको नियुक्तिलाई अनुमोदन गरी पारिश्रमिक निर्धारण गर्ने,

(ब) नगरपालिका भित्र मर्यादित, स्वच्छ र गुणस्तरीय शैक्षिक वातावरण सञ्चालनका लागि आवश्यक स्रोतसाधन जुटाउने, नीति निर्धारण गर्ने र परीक्षा तथा मूल्याङ्कनलाई व्यवस्थित रुपमा सञ्चालन गर्न सहयोग गर्ने,

(भ) नगरपालिकाबाट प्रदान गरिने शैक्षिक अनुदान, शैक्षिक क्षेत्रको विकास निर्माणको रकम, पुरस्कार तथा प्रोत्साहन रकम प्रदान गर्ने मापदण्ड निर्धारण जस्ता अन्य कार्य सम्पादन गरी सहयोगका लागि नगरपालिकालाई सिफारिस गर्ने,

(म) विद्यालय व्यवस्थापन समिति, परीक्षा समिति, शिक्षा शाखा र प्रधानाध्यापकहरुका बीचमा समन्वय, सहयोग र आवश्यक निर्देशन दिने ,

## <u>परिच्छेद ४</u>

## विद्यालय व्यवस्थापन समिति

**५.<u>विद्यालय व्यवस्थापन समिति गठन</u> :** (१) यस नियमावली अन्तर्गत व्यवस्था भएका समितिहरुको अधिकार क्षेत्र बाहेक विद्यालय सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) सम्बन्धित वडा समितिले नगर शिक्षा समितिमा सिफारिस गरी पठाएको निर्वाचित प्रतिनिधि एकजना - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट दुई जना महिलासमेत पर्ने गरी अभिभावक भेलाले चयन गरी पठाएको चार जना -सदस्य

(ग) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक वा शिक्षा शाखा प्रमुखले तोकेको व्यक्ति -सदस्य

(घ) विद्यालयको वरिष्ठ शिक्षक एक जना -सदस्य

(ङ) संस्थापक, चन्दादाता, शिक्षाप्रेमी तथा बुद्धिजीविमध्येबाट वि.व्य.स. अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष -स्थायी आमन्त्रित

(ज) विद्यालयस्तरीय बालक्लवबाट मनोनयन गरिएका एक बालिकासहित २ जना -आमन्त्रित

(२) विद्यालय व्यवस्थापन समितिको अवधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा नगर शिक्षा समितिको अध्यक्षले स्वीकृत गर्नेछ तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको वरिष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नुपर्नेछ तर प्रचलित कानुन विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधिहरुलाई जिम्मेवार बनाइनेछैन ।

(४) (क) विद्यालयले शिक्षा शाखाले तोकिदिएको ढाँचामा विद्यार्थीको अभिलेख राख्दा विद्यार्थीका बाबु, आमा, बाजे, बज्यैको नाम, थर, ठेगाना उल्लेख गर्नुपर्दछ र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिको अभिलेख राख्नु पर्नेछ ।

(ख) उपनियम (क) बमोजिम विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई अभिभावकको रुपमा अभिलेख राख्दा निजले संरक्षकत्व प्रदान गरेको व्यहोरा सम्बन्धित वडाबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

(५) कुनै विद्यालयको वि.व्य.स.ले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो को कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो वि.व्य.स. विघटन गर्न सक्नेछ तर त्यसरी विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(६) विद्यालय व्यवस्थापन समिति सदस्य छनौटका लागि शिक्षा शाखा प्रमुखको संयोजकत्वमा स्रोतव्यक्ति र सम्बन्धित विद्यालयको प्रधानाध्यापक सदस्य रहने एक समिति रहनेछ ।

(७) कुनै कारणबस वि.व्य.स. का अध्यक्ष वा पदाधिकारीको म्याद समाप्त भईसकेको अवस्थामा अर्को निर्वाचन भई नयाँ समितिले पदभार ग्रहण नगरुन्जेलसम्म सोही समितिले निरन्तरता दिई कार्य गर्न सक्नेछ ।

(८) वि.व्य.स.का काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको वार्षिक बजेट स्वीकृत गरी जानकारी नगर शिक्षा समिति र शिक्षा शाखालाई जानकारी गराउने,

(घ) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) शिक्षक सेवा आयोग र नगरपालिकाको शिक्षा शाखाबाट खटिएका शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(च) नगरपालिकाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(छ) नगर शिक्षा समिति र शिक्षा शाखाले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

(ज) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने,

(झ) विद्यालयको आन्तरिक स्रोतबाट तलव सुविधा पाउने गरी नियुक्त शिक्षक तथा कर्मचारीका लागि पारिश्रमिक र सुविधाको व्यवस्था गर्ने ।

६. **संस्थागत विद्यालय व्यवस्थापन समिति गठन :** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन र नियन्त्रण गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एक संस्थागत विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका संस्थापक वा लगानीकर्ता वा गुठियारहरुमध्ये विद्यालयले सिफारिस गरेका तीनजनाबाट शिक्षा समितिले मनोनित गरेको एक जना -अध्यक्ष

ख) अभिभावकहरुमध्येबाट दुई जना महिलासमेत पर्ने गरी अभिभावक भेलाले चयन गरी पठाएको तीन जना -सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट नगरप्रमुखले मनोनित गरेको एक जना - सदस्य

(घ) सम्बन्धित वडा समितिले सिफारिस गरेको एक जना -सदस्य

(ङ) सम्बन्धित विद्यालयको बरिष्ठ शिक्षक एक जना -सदस्य

(च) शिक्षा शाखा प्रमुखले तोकेको निरीक्षक एक जना -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(झ) विद्यालयस्तरीय बालक्लवबाट मनोनयन गरिएका एक बालिकासहित २ जना -स्थायी आमन्त्रित सदस्य

(२) संस्थागत विद्यालयको व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ,

(३) बैठक सम्बन्धी कार्यविधि व्यवस्थापन समितिले निर्धारण गरे अनुसार हुनेछ,

(४) सञ्चालक एकजना मात्र भएमा दफा ६(१)क को प्रयोजनका लागि एक जना मात्र सिफारिस गर्नुपर्नेछ ,

(५) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयका गुठियार वा सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) विद्यालय शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र संवर्द्धन गर्ने,

(ग) नेपाल सरकार तथा नगरपालिकाबाट सञ्चालित विभिन्न कार्यक्रममा विद्यार्थीलाई सरिक गराउने,

(घ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकको भेला गराई विद्यालयको अघिल्लो वर्षको आय व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको जानकारी गराउने,

(ङ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई तोकिएको सुविधा उपलब्ध गराउने,

(च) विद्यालयको लेखापरीक्षण कानुन बमोजिम दर्ता भएका लेखापरीक्षक मध्येबाट कम्तिमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिका लागि शिक्षा शाखामा सिफारिस गर्ने,

(छ) विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने,.

(ज) नगरको परीक्षा तथा मूल्याङ्कन समितिले निर्धारण गरेको परीक्षाको मापदण्ड र प्रक्रिया भित्र रही परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने,

(झ) नगर शिक्षा समितिले प्रदान गरेका निर्देशन अनुरुप काम गर्ने,

**७. शिक्षक अभिभावक संघ** : (१) विद्यालय, शिक्षक, वि.व्य.स. र अभिभावक बीचको सम्बन्धलाई सुदृढ बनाई शैक्षिक गतिविधिमा समन्वयकारी भूमिका निर्वाह गर्न हरेक सामुदायिक विद्यालयमा देहाय बमोजिमको बढीमा पन्ध्र सदस्यीय एउटा शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(क) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएको एक जना -अध्यक्ष

(ख) अभिभावकहरुले आफू मध्येबाट छानी पठाएका -सदस्यहरु

(ग) तहगत रुपमा, विषयगत रुपमा प्रतिनिधित्व हुने गरी शिक्षकहरुमध्येबाट कम्तिमा दुई जना -सदस्य

(घ) प्रधानाध्यापकले तोकेको एक जना शिक्षक - सदस्य सचिव

(२) यसरी गठन हुने शिक्षक अभिभावक संघको कार्य अवधि तीन वर्षको हुनेछ ।

(३) कम्तिमा हरेक तीन महिनामा एकपटक बैठक बस्नुपर्नेछ ।

(४) प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष आमन्त्रित सदस्यका रुपमा रहनेछन् ।

(५) बैठक सम्बन्धी कार्यविधि सो संघले आँफै निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम गठन हुने संघको काम , कर्तव्य र अधिकारहरु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विद्यालय शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था

**८. शिक्षक कर्मचारी छनोट** : (१) नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा करारमा नियुक्त गर्नुपर्ने शिक्षक तथा कर्मचारी छनौट एवं सिफारिस गर्नका लागि नगरपालिकामा एउटा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) कम्तिमा स्नातकोत्तर शैक्षिक योग्यता र दश वर्षको कार्य अनुभवसहित वहाल वा निवृत्त अधिकृतस्तरको शिक्षक, कर्मचारीमध्ये नगर प्रमुखबाट मनोनित एक जना - सदस्य

(ग) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा(१)ख बमोजिम मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(३) उपदफा(१)बमोजिम गठित समितिले परीक्षा सञ्चालन, व्यवस्थापन र समन्वय सम्बन्धी काम गर्न तोकिएको कार्यविधि अनुसरण गर्नेछ ।

(४) नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई विद्यार्थी शिक्षक अनुपात, विद्यालय आवश्यकता र औचित्यको आधारमा दरबन्दी मिलान तथा समायोजन तोकिएको कार्यविधिका आधारमा गरिनेछ ।

(५) सामुदायिक विद्यालयको नेतृत्व (प्रधानाध्यापक)का लागि स्थायी शिक्षकलाई सम्बन्धित तहको बरिष्ठताको आधारमा अवसर दिइनेछ ।

(६) सामान्यतया एउटा विद्यालयमा दुई शैक्षिक वर्ष पूरा गरी सकेको शिक्षकको हकमा नगरपालिका भित्रको अर्को विद्यालयमा सरुवा हुनेछ ।

(७) प्रधानाध्यापकको हकमा कम्तिमा एक कार्यकाल (पाँच वर्ष) नभइ सरुवा हुने छैन ।

(८) उपदफा (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यसम्पादन करार बमोजिम शैक्षिक प्रतिफल प्रदान गर्न नसक्ने शिक्षक, प्रधानाध्यापकको सरुवाका लागि बाधा मानिनेछैन ।

(९) शिक्षक तथा प्रधानाध्यापकको सरुवा सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६
## नगर परीक्षा बोर्ड

**९. नगर परीक्षा बोर्ड गठन :** (१) आधारभूत शिक्षाको परीक्षा सञ्चालन, व्यवस्थापन, नियन्त्रण र समन्वय गर्न देहाय बमोजिमको एउटा नगर परीक्षा बोर्ड रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
(ख) नगरपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य
(ग) स्थानीय सुरक्षा प्रमुख - सदस्य
(घ) स्रोतव्यक्ति - सदस्य
(ङ) सामुदायिक विद्यालयका शिक्षक मध्येबाट शिक्षा समितिले तोकेको एक जना - सदस्य
(च) संस्थागत विद्यालयका शिक्षक मध्येबाट शिक्षा समितिले तोकेको एक जना -सदस्य
(छ) नगर शिक्षक महासंघको अध्यक्ष -सदस्य
(ज) शिक्षा शाखा प्रमुख -सदस्य सचिव

(२) बोर्ड अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित संस्था हुनेछ ।

(३) बोर्डको कार्य सञ्चालन कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

## परिच्छेद ७

## शैक्षिक गुणस्तर, परीक्षण र तालिम

**१० शैक्षिक उन्नयन :** (१) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मूलतः नगर शिक्षा समिति, वि.व्य.स., शि.अ.सं, शिक्षा शाखा, जनप्रतिनिधिहरु, शिक्षक, कर्मचारी, प्रधानाध्यापक, नैतिक रुपले जवाफदेही हुनेछन् ।

(२) सामुदायिक र संस्थागत विद्यालयहरुमा कक्षा ३, ५, ८ र १० मा अध्ययनरत विद्यार्थीहरुको सिकाई उपलब्धी परीक्षण वार्षिकरुपमा गरिनेछ ।

(३) उपदफा(२)को लागि गुणस्तरीय शिक्षाको मानक तथा त्यसको मूल्याङ्कनका मापदण्ड तथा सर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(४) सामाजिक परीक्षण, कार्यसम्पादन परीक्षण र लेखापरीक्षण कार्य तोकिए बमोजिमको कार्यविधि बनाई गरिनेछ ।

(५) नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरुको गुणस्तर अभिवृद्धि तथा शैक्षिक उन्नयनमा प्रतिस्पर्धात्मक वातावरण सृजना गर्न तोकिएका मापदण्डका आधारमा नमूना विद्यालयको अवधारणा लागु हुनेछ ।

(६) प्रत्येक वर्ष नगर क्षेत्रभित्र बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्षको विकास संगसंगै अनुशासनमा अभिवृद्धिका लागि नगरस्तरीय खेलकुद कार्यक्रमको आयोजना हुनेछ ।

## परिच्छेद ८
## अनौपचारिक शिक्षा तथा स्थानीय पाठ्यक्रम

**११ सिकाई प्रवर्द्धन** : (१) हरेक विद्यालयले पुस्तकालयको व्यवस्था अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(२) सबै माध्यमिक विद्यालयहरुले विद्यार्थीलाई पठन अवसर प्रदान गर्न बाचनालय कक्षको व्यवस्था अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(३) अनौपचारिक शिक्षा प्रवर्द्धन र विकासका लागि नगरपालिकाका सबै वडामा सामुदायिक सिकाई केन्द्रहरु विस्तार गरिनेछ ।

(४) नगरपालिका क्षेत्रको विशिष्टता, भूगोल, इतिहास, स्थानीय भाषा, संस्कृति, वातावरण संरक्षण तथा स्थानीयस्तरमा उपलब्ध वा आवश्यक भएको पेशा व्यवसायको जानकारी गराउने उद्धेश्यसहित स्थानीय पाठ्यक्रम निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद ९
## विद्यालयद्वारा सम्पादन गर्नुपर्ने न्यूनतम् कार्यक्रमहरुः

**१२. शैक्षिक योजना र कार्यक्रम** : (१) गुणस्तरीय शिक्षा प्रदान गर्न हरेक विद्यालयले देहायका कार्यहरु गर्नुपर्नेछ :

(क) शैक्षिक पहुँच सुनिश्चितताका लागि भर्ना अभियान, घरदैलो कार्यक्रम, निःशुल्क शिक्षा, छात्रवृत्ति वितरण सम्बन्धी कार्यहरु ।

(ख) योजना तथा कार्यक्रम निर्धारणमा SIP/ASIP , वार्षिक कार्यतालिका, शैक्षिक कार्ययोजना, अतिरिक्त क्रियाकलाप सञ्चालन योजना , शिक्षण सुधार योजना र PLAS बनाउनुपर्ने,

(ग) आर्थिक व्यवस्थापन तथा पारदर्शिताका लागि लेखा तथा प्रशासनीक अभिलेख, तथ्याङ्क सङ्कलन र प्रतिवेदन, सामाजिक परीक्षण, लेखापरीक्षण र सरोकारवालाहरुको भेला एवं अन्तरक्रिया,

(घ) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ ,उप समितिको गठन, नियमित बैठक सञ्चालन, निर्णयको कार्यान्वयन, कक्षा व्यवस्थापन, सरसफाई तथा शौचालय व्यवस्थापन र सूचना एवं गुनासो व्यवस्थापन, बाल क्लवहरु ( इको कलव, रेडक्रस, अन्य )को गठन,

(ङ) गुणस्तर बृद्धिका लागि मौजुदा साधन स्रोतबाट सिकाई उपलब्धि, उत्तीर्ण प्रतिशत, विद्यालय छाड्ने दर , प्रतिस्पर्धी क्षमता विकास र जनशक्तिका बीचमा कामको बाँडफाँड,

(च) प्रत्येक वर्ष विद्यार्थी भर्ना गर्ने, परीक्षा सञ्चालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने शैक्षिक कार्यक्रम सहितको शैक्षिक क्यालेन्डर प्रकाशन गरी सोही बमोजिम कार्यसम्पादन गर्नु पर्नेछ ।

(छ) नागरिक बडापत्रको तयारी, शिक्षक ,विद्यार्थी र अभिभावकले पालना गर्नुपर्ने आचारसंहिता निर्माण,

(२) उपदफा(१) बमोजिमका कार्यहरु सञ्चालन गर्न सम्बन्धित विद्यालयको प्र.अ. र शिक्षा अधिकृत बिच प्रत्येक शैक्षिक वर्षको पहिलो हप्ताभित्र र प्रधानाध्यापक र शिक्षक बिच सोही महिनाको दोस्रो हप्ताभित्र कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(३) विद्यालयको जिम्मेवारी तथा कार्यसम्पादन करार सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(४) हरेक विद्यालयले महिना समाप्तिपछिको पहिलो हप्ताभित्र विद्यालयमा सम्पादित कार्यक्रमहरुको मासिक प्रगति प्रतिवेदन शिक्षा शाखामा अनिवार्यरुपमा बुझाउनुपर्नेछ ।

## परिच्छेद १०
## विविध

१३. **सम्पत्ति संरक्षण र अभिलेख :** (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापनको जिम्मेवारी नगर शिक्षा समितिमा रहनेछ ।

(३) विद्यालयको नामाकरण, सामुदायिक विद्यालयको स्वामित्व , सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

१४. **मातृभाषा र शिक्षा :** (१) नगर भित्र मातृभाषामा शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु खोल्न सकिनेछन् ।

(२) उपदफा(१) बमोजिमका शैक्षिक संस्थाहरुको अनुमति, स्वीकृति, अनुगमन तथा नियमन तोकिए बमोजिम हुनेछ ।

१५. **शैक्षिक कार्यक्रम र समन्वय :** (१)प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम , सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, स्वीकृति, सञ्चालन, नियमन तथा मूल्याङ्कन तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालयको भौतिक पूर्वाधार निर्माण, मरम्मत संभार, पाठ्यसामग्री निर्माण र वितरणको जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समितिमा रहनेछ ।

१६. **अध्यापन सेवा :** (१) विद्यालय भित्रको अध्यापन सेवासंग गांसिएका ट्युसन तथा कोचिङका लागि विद्यालयले आफ्नो कार्यविधि बनाई सञ्चालन गर्न सक्नेछ ।

(२) ट्युसन तथा कोचिगं जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाका लागि आवश्यक कार्यविधि गराइनेछ ।

१७. **शुल्क तथा शिक्षण अवधि :** (१) आधारभूत तहको शिक्षा निःशुल्क तथा अनिवार्य हुनेछ ।

(२) माध्यमिक तहसम्मको शिक्षा क्रमिकरुपमा निःशुल्क हुनेछ ।

(३) उपदफा (१) र (२) मा जे सुकै लेखिए तापनि अभिभावकको आफ्नो ईच्छाले सामुदायिक विद्यालयलाई दिएको चन्दा, दान, उपहार वा अन्य कुनै प्रकारको आर्थिक सहयोग लिन सकिनेछ

(४) संस्थागत विद्यालयले विद्यार्थीसंग लिन पाउने अधिकतम् शुल्क र जनशक्तिलाई प्रदान गर्नु पर्ने न्यूनतम् पारिश्रमिक तोकिएको बमोजिम हुनेछ ।

(५ ) विद्यालयको साप्ताहिक शिक्षण अवधि तोकिए बमोजिम हुनेछ ।

१८. **अतिरिक्त क्रियाकलाप :** (१) हरेक विद्यालयले विद्यार्थीको चौतर्फी विकासका लागि शिक्षणसंग सम्बन्धित सह-क्रियाकलाप बाहेक अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

(२) विद्यालयले शुक्रबारका दिन दिउसो २:०० बजेदेखि ४:०० बजेसम्म अनिवार्य रुपमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।

१९. **कोष :** (१) शिक्षासंग सम्बन्धित वि.व्य.स., शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, विद्यालय कर्मचारी, शिक्षा समितिका पदाधिकारी, जनप्रतिनिधिहरु, अभिभावक, शिक्षामा क्रियाशील संघ संस्थाहरुको भूमिकामा अभिवृद्धि गर्न, पुरस्कार तथा सम्मानका लागि नगरपालिकामा तोकिए बमोजिमको शैक्षिक कोषको व्यवस्था हुनेछ ।

(२) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् :

(क) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) अभिभावकबाट प्राप्त सहयोग स्वरुपका रकमहरु,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकमहरु,

(घ) अन्य स्रोतबाट विद्यालयलाई प्राप्त हुने रकमहरु

(३) गरिब तथा जेहन्दार विद्यार्थीहरुलाई प्रोत्साहन र छात्रवृत्तिका लागि नगर शिक्षा शाखामा तोकिए बमोजिमको एउटा विद्यार्थी कल्याण कोष रहनेछ, ।

(४) उपदफा(१),(२),(३) बमोजिमका कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

२०. **विदा तथा काज:** (१) प्रचलित कानुन बमोजिम विद्यालय र शैक्षिक जनशक्तिले बिदा पाउनेछन्।

(२) आवश्यकता अनुसार नगरपालिका भित्र कार्यरत शिक्षकहरुलाई नगरपालिकाले शिक्षण संस्थाको गतिविधिमा प्रतिकूल प्रभाव नपर्ने गरी काजमा खटाउन सक्नेछ ।

(३) शिक्षक तथा कर्मचारीको विदा तथा काज सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **पोशाक :** (१) नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत जनशक्ति र विद्यार्थीहरुको लागि ड्रेस कोड लागु हुनेछ ।

(२) शैक्षिक जनशक्ति र विद्यार्थीका लागि फरक फरक ड्रेस कोड हुनेछ ।

(३) शैक्षिक जनशक्तिका लागि नगरभित्र एउटै ड्रेस कोड तर विद्यालयको हकमा विद्यालयले निर्धारण गरे बमोजिम फरक फरक हुनेछ ।

२२. **परीक्षा तथा मूल्याङ्कन समिति :** (१) नगरपालिका भित्रका विद्यालयहरुमा विद्यार्थीको परीक्षा र मूल्याङ्कनलाई समन्वय गर्न देहाय बमोजिमको एक नगरस्तरीय परीक्षा तथा मूल्याङ्कन समिति रहनेछ :

| | |
|---|---|
| (क) शिक्षा शाखा प्रमुख | -संयोजक |
| (ख) मा.वि.का प्र.अ./शिक्षक मध्येबाट दुई जना | -सदस्य |
| (ग) आधारभूतका विद्यालयका प्र.अ./शिक्षक मध्येबाट एक जना | -सदस्य |
| (घ) स्रोतव्यक्ति | -सदस्य सचिव |

(२) उपदफा १ बमोजिम गठन हुने परीक्षा तथा मूल्याङ्कन समितिको कार्य अवधि २ वर्षको हुनेछ ।

(३) उपदफा (१)को ख र ग बाट प्रतिनिधित्व गर्दा कम्तिमा एक जना महिला र संस्थागत विद्यालयको पनि प्रतिनिधित्व हुने गरी प्रधानाध्यापकहरुको बैठकले निर्णय गर्नुपर्नेछ ।

(४) यस समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. **नियम, निर्देशिका ,कार्यविधि र मापदण्ड बनाउन सक्ने :** यस ऐन अन्तर्गत रही नगर कार्यपालिकाले नियम, निर्देशिका , कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

२४. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्धेश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले यस्तो बाधा अड्काउ हटाउन आफ्नो राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकान्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

२५. **यसै ऐन बमोजिम हुने :** यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम यस नगरपालिकाको शिक्षा क्षेत्र अन्तर्गत भए गरेका काम कार्यवाहीहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

आज्ञाले

पित्री भक्त गिरी

नि. प्रमुख प्रशासकीय अधिकृत